# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश

प.सं.: ०७६/०७७/प्रशासन
च.नं.: ३२९८

मितिः २०७६/१२/२८

श्री वडा कार्यालयहरु (सबै)
ति.न.पा., रुपन्देही ।

विषयः राहत लाभग्राही अभिलेख तथा राहत वितरण सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकारद्वारा तयार गरिएको **असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६** को दफा ३ मा स्थानीय तहका सम्बन्धित वडाहरुले राहत लाभग्राहीको अभिलेख तयार गर्दा देहायका श्रमिक वर्ग तथा असहायहरुको अभिलेख तयार गर्नुपर्ने भन्ने प्रावधान रहेकोले सोही बमोजिम अभिलेख तयार गरी राहत वितरण कार्यलाई थप व्यवस्थित गर्नु/गराउनुहुन अनुरोध गरिन्छ ।

क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक,

ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने, बाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने व्यक्ति,

ग) ट्रक,ट्रिपर, भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक,

घ) अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरि काम गर्ने कृषि मजदुर

ङ) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई, शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

च) गिटी कुट्ने, बालुवा चाल्ने तथा इट्टा भट्टामा काम गर्ने मजदुर

छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगाएतका मजदुर

ज) नाङ्लो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेलागाडा तथा साइकिलमा सामान विक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर

झ) देहायका यातायत मजदुरः

१) अन्य व्यक्तिको माल वाहक सवारी तथा डेलिभरी भ्यान चलाउने सवारी चालक, सहचालक

२) दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक

३) रिक्सा तथा ठेलागाडा चालक

४) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ, गलैचा, बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।

२०७६/१२/२८